आज मिति २०८३/०७/१८ गते बुधबारको दिन यस शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको चालु आ.व. २०८३/०८४ को छैठौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक कक्षमा बसी तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरु गरियो।

उपस्थितः-

	नाम थर	पद	हस्ताक्षर
१	श्री विष्णु प्रसाद बस्याल	अध्यक्ष	
२	श्री शान्ता देवी ज्ञवाली	उपाध्यक्ष	
३	श्री उदयराज गडेरिया पाल	वडाध्यक्ष	
४	श्री कमल खड्का क्षेत्री	वडाध्यक्ष	
५	श्री हेम बहादुर खड्का	वडाध्यक्ष	
६	श्री केशव प्रसाद अधिकारी	वडाध्यक्ष	
७	श्री चन्द्रभान चौधरी थारु	वडाध्यक्ष	
८	श्री उपेन्द्र साहनी	वडाध्यक्ष	
९	श्री भिम नारायण चौधरी	का.वा. वडाध्यक्ष	
१०	श्री शान्ति सुनार	कार्यपालिका सदस्य	
११	श्री पवित्रा थारु	कार्यपालिका सदस्य	पवित्रा
१२	श्री गिता नेपाली	कार्यपालिका सदस्य	गीता
१३	श्री रुक्मिणी थारु	कार्यपालिका सदस्य	रुक्मिणी
१४	श्री राममिलन लोध	कार्यपालिका सदस्य	राम मिलन
१५	श्री सुरेश बहादुर सार्की	कार्यपालिका सदस्य	
१६	श्री सुरेश भण्डारी	सदस्य - सचिव	
	आमन्त्रित		
१			
२	सुमित्र भण्डारी	जि. स्वास्थ्य अधिकृत	
३	देवप्रसाद न्यौपाने	ई.प्र.म.	
४	रोशन लामिछाने	पूर्वाधार विकास इ.प्रा.	
५	डबल/ कण्डारे	पशु सेवा शाखा प्र.	
६	प्रेम कुँवर	ले.प. अधिकृत	
७	तेजलाल पन्थी	ई.कृ.ले.प. अधिकृत	
८	Dhanraj Sahara	ज.प्र.	

आ.व:०८३-८४ बैठक नं. ६ मितिः २०८३/०७/१८

कार्यपालिका माइन्यूट

प्रस्तावहरू :-

१. भूमिहिन दलितभूमिहिन सुकुम्बासी प्रमाणीकरण सम्बन्धमा । ,
२. जग्गा वर्गीकरण सम्बन्धमा ।
३. कार्यविधी निर्माण तथा संशोधन सम्बन्धमा ।
४. Street लाइटको दर रेट निर्धारण सम्बन्धमा।
५. सार्वजनिक खरिद नियमावली सम्बन्धमा ।
६. विविध ।

निर्णयहरू:-

सि.नं	विषयगत शाखा	निर्णय ब्यहोरा	क.
१.	भवन तथा वस्ति विकास शाखा	१. शुद्धोदन गाउँपालिका वडा नं. ५ को वडा समिति बाट मिति २०८३/०६/१९ गते प्रमाणिकरण सिफारिस भइ आएका भूमिहीन दलित, भूमिहीन सुकुम्वासीहरुको नामावलीमा रहेका सवै व्यक्तिहरु भूमिहीन दलित, भूमिहीन सुकुम्वासी हुन भनि प्रमाणित गरि स्वीकृतिको लागि जिल्ला भुमि समस्या समाधान समिति, रुपन्देहीमा पठाउने निर्णय गरियो । २. शुद्धोदन गाउँपालिका भित्र घर नक्शा पास भइसकेको घर अवस्थित जग्गाको कित्ता नं. परिवर्तन गर्नु परेमा कित्ता परिवर्तन गर्नु पर्ने भएर निवेदन दर्ता गरि, नयाँ लालपुर्जाको प्रतिलिपि, राजिनामा कागजातका साथ आएमा कित्ता परिवर्तनको निम्ती टिप्पणी आदेश उठाई, पहिले प्रदान गरिएको प्रमाणपत्र र कार्यालय प्रति मा नँया कित्ता नं. उल्लेख गरी सोहि प्रमाणपत्र (सेवाग्राही प्रति) प्रदान गर्ने निर्णय गरियो । ३. यस गाउँपालिकाको जग्गा वर्गीकरण गर्दा कुनै कित्ता दुई वा सो भन्दा बढी उपभोग क्षेत्रमा परेको खण्डमा निम्न प्राथमिकताक्रमको आधारमा वर्गीकरण गर्न - • आवासिय • कृषि • व्यावसायिक	

२	सामान्य प्रशासन शाखा	१. शुद्धोदन गाउँपालिकाका लागि आवश्यक परेको तपसिल बमोजिमका कार्यविधी तथा मार्गदर्शन संशोधन तथा स्वीकृत गर्ने निर्णय गरियो :- १. शुद्धोदन गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्वन्धी कार्यविधी,२०८३ पारित गर्ने । २. कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधी, २०८३, मा अनुसुचि ५ (ख) र ५ (ग) थप गर्ने र सोहि अनुसुचि ५(ख) र ५(ग) बमोजिम किसानलाइ भुक्तानी गर्ने। ३. स्वास्थ्य शाखाको कार्यक्रम सञ्चालन संम्वन्धी मार्गदर्शन स्वीकृत गर्ने । ४. कृषिकहरुलाई घाँस खेती गरेको क्षेत्रफलको आधारमा अनुदान कार्यक्रम गर्ने मार्गदर्शन, २०८३ स्वीकृत गर्ने । ५. शुद्धोदन गाउँपालिकाको निजि जग्गाको ढुङ्गा,गिट्टी, बालुवा मस्कट तथा माटो उत्खनन् व्यवस्थापन सम्वन्धी कार्यविधी,२०८३ स्वीकृत गर्ने । २. शुद्धोदन गाउँपालिका वडा नं. २ स्थित सैमदेवीमा रहेको चिल्ड्रेन पार्कमा माली पदमा कार्यरत श्री किसुन कुमार मल्लाहले काम गर्न असमर्थ गरेको हुँदा सो पार्कमा मालि पदमा श्री राम् बहादुर सुनारलाई दैनिक ज्यालादारीमा राख्ने निर्णय गरियो। ३. वडा दशै र तिहारको उपलक्ष्यमा मौलापूजाका लागि इलाका प्रहरीकार्यालय छपिया र सशस्त्र प्रहरी सूरक्षा वेस अमुवा, गरी दुवै कार्यालयलाई २०/२० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो। ४. शुद्धोदन गाउँपालिका वडा नं. ५ मानपकडी स्थित शमशान घाट परिसर सरसफाई गरे वापत जिल्ला दररेट अनुसार श्री बाबुराम गोसाईलाई डोर हाजिरीको आधारमा भुक्तानी गर्ने निर्णय गरियो । ५. नेपाल सरकार द्वारा प्रदान गर्न लागिएको One-Stop Service Delivery (OSSD) प्रणाली प्रयोगको लागि यस शुद्धोदन गाउँपालिका रुपन्देहीमा आवश्यक पर्ने पूर्वाधारहरु रहेको र इच्छूक समेत रहेको हुँदा उक्त प्रणाली सञ्चालन गर्ने निर्णय गरियो ।

३	पूर्वाधार विकास शाखा	१. स्ट्रिट लाईटको दर रेट सम्बन्धमा यस गाउँपालिका को आ.व. २०८३/८४ को स्वीकृत कार्यक्रम अन्तर्गत बिभिन्न वार्ड मा स्ट्रिट लाईट जडान गर्ने कार्यका लागी मिति २०८३/०६/२१ मा दर रेट उपलब्ध गराउने सम्बन्धि सूचना प्रकाशन गरिएकोमा तपसिल अनुसारका आपूर्तिकर्ताले बिभिन्न माध्यमबाट दर रेट उपलब्ध गराएको सो बमोजिम बिभिन्न सामग्रीको तपशिल बमोजिमको रेट कायम गर्ने निर्णय गरियो।

तपसिलः-

S.N.	Description of Goods with specs	पेश भएको दर रेट			पेश भएक मध्ये न्यू
1	50 Watt LED Street Light With Day Night Sensor 10 Amp indoor, 64 LEDs ,2835 osram, per Lumen 150,driver 1500 Ma,6kV,IP 65 ,Arm (angle) 32 mm,1 Mtr. Pole clamp 4 nut bolt system,6 mm wire and all accessories including installation ,Transportation	Construction Supplies Nepal Pvt.ltd., Duhabi, Sunsari	Nepal Himast Lighting Pvt.Ltd., butwal-07,Rupandehi	MS Electronics & Electricals Pvt.ltd., Tilottama Rupandehi	4350.00 (without
		4500.00 (without Vat)	4450.00 (without Vat)	4350.00 (without Vat)	
2	30 Watt LED Street Light With Day Night Sensor 10 Amp indoor, 36 LEDs ,2835 osram, per Lumen 150,driver 900 Ma,6kV,IP 65 ,Arm (angle) 25 mm, 75 cm Pole clamp 4 nut bolt system,6 mm wire and all accessories including installation ,Transportation	3600.00 (without Vat)	3650.00 (without Vat)	3500.00 (without Vat)	3500.00 (without

3	A/C D/C Light with Day Night Sensor (Minimum ackup 6 hrs) with Alumunium Housing , A/C D/C Drive , 25 MP Battery (Lithium p4), A/C D/C 12 V pcb, 2mm steel angle ,6mm wire, AC 50 WATT DC -30 WATT including installation ,Transportation all complete	19500.00 (without Vat)	20500.00 (without Vat)	19000.00 (without Vat)	**19000.00 (without Vat**

२. बजेट व्यवस्था सम्बन्धमा

आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अन्तर्गत संस्कृत विद्यालयको भवन निर्माण कार्य को सम्झौता अनुरुपको कार्य सम्पन्न भएको तर भौतिक अवस्था भने अपूर्ण रहेको २ वटा कोठाको छत ढलाई को लागत अनुमान अर्न्तगतको रकम सोहि ठेक्काबाट बचेको रकम र विविध पुँजीगत बाट सो कार्य गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

३. सार्वजनिक खरिद नियमावली सम्बन्धमा

यस गाउँपालिकामा कार्यन्वयनमा रहेको शुद्धोदन गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७६ समयानुकूल संसोधन गर्नु पर्ने भएकाले सम्पूर्ण खरिद कार्यको व्यवस्था नेपाल सरकारको सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) बमोजिम गर्न हाल कार्यान्वयनमा रहेको खरिद नियमावलीलाई संघिय खरिद नियमावलीसँग नवाझिने गरि संशोधन गर्ने निर्णय गरियो।

४. शुद्धोदन गाउँपालिका वडा नं. ४ मा अवस्थित ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयको प्रवेशद्वार (गेट) निर्माण तथा परिसरको सौन्दर्यीकरण कार्यका लागि चालु आर्थिक वर्षको स्वीकृत बजेट अन्तर्गत 'अन्य विविध पुँजीगत खर्च शीर्षकबाट रु. १,००,०००।– (अक्षरेसी एक लाख रुपैयाँ मात्र) भुक्तानी गर्ने गरी कार्य सम्पन्न गर्ने निर्णय गरियो।